# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन २ गते २०५७ साल (संख्या १४

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भंसार ऐन,२०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रुले आफ्नो निजी गुण्टा, भिटी भारीमा आफूसंग ल्याएका वा लगेको (एकम्पनिड) वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) माल सामानमा लाग्ने भंसार महसुल सुविधा सम्बन्धमा श्री ५ को सरकारको निर्णय अनुसार आ.व. ०५६।५७ मा लागू रहेको गुण्टा भिटी भारी आदेशमा संशोधन गरी मिति २०५७ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको व्यवस्था गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - १
## नेपाली यात्रुका लागि

१. **बिदेशबाट फर्केका नेपाली यात्रुका सम्वन्धमा**

(१) **प्रयोगका पुराना सामान** :

यात्रुले आफ्नो प्रयोगमा ल्याएका यसै सूचनाको अनुसूची-१ बमोजिमका सामान मध्ये कुनै वा सबै सामान ल्याउन पाउनेछ । यस्तो सामानमा भंसार महसुल लाग्ने छैन ।

(२) **भारत बाहेक तेश्रो मुलुकबाट फर्केका यात्रुले आफ्नो निजी व्यवहारका सामान ल्याउन पाउने**

(क) परिवर्त्य विदेशी मुद्राको आधिकारीक श्रोत भएका वा नभएका जुनसुकै यात्रुले निजी व्यवहारका लागि आफू पुगेको ठाउँबाट यसै सूचनाको अनुसूची-२ बमोजिमका सामानमध्ये कुनै वा सबै सामान ल्याउन पाउनेछ ।

(ख) खण्ड (क) बमोजिम यात्रुले आफु आउनु अघि वा पछि चलान गरेको सामान निज नेपाल प्रवेश गरेको मितिले ६ महिनाभित्र भंसार गोदाममा दाखिल भैसकेको हुनु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिम कुनै यात्रुले यस सूचनाको अनुसूची-२ बमोजिमको सामान ल्याएमा श्री ५ को सरकारले समय समयमा निर्धारण गरे बमोजिम भंसार महसुल लाग्नेछ ।

(घ) सेमिनार, अध्ययन, अनुसन्धान तथा शोधकार्यको लागि विदेश ओहर दोहर गर्ने नेपाली नागरिकले सो प्रयोजनको लागि प्रयोग गर्ने आधिकारिक प्रमाण पेश गरेमा साथ ल्याउने लैजाने कम्प्युटर थान १ पासपोर्टमा जनाई छाड्न सकिनेछ ।

(३) **भंसार महसुल छुट दिइने** :

(क) विदेशमा १५ रातभन्दा बढी अवधि बिताई फर्केका परिवर्त्य विदेशी मुद्राको आधिकारिक श्रोत भएका यात्रुले आफु पुगेको ठाउंबाट अनुसूची-२ बमोजिमको सामान आफुसाथ ल्याएमा निम्न बमोजिमको मूल्यसम्ममा लाग्ने भंसार महसुल पूर्ण अंशमा छुट दिइनेछ । छुट सीमा भन्दा बढी मूल्यको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

902

सामान भएमा बढी मूल्यमा दफा १ को उपदफा (२) को खण्ड (ग) बमोजिम समदरमा भंसार महसुल लाग्नेछ ।

छुट सीमा :

(१) १५ रातभन्दा बढी ३० रातसम्म विदेशमा बसी फर्केमा रु.१,०००।- सम्म,

(२) ३० रात भन्दा बढी १८० रातसम्म विदेशमा बसी फर्केमा रु.३,०००।- सम्म,

(३) १८० रात भन्दा बढी ३६५ रातसम्म विदेशमा बसी फर्केमा रु.५,०००।- सम्म,

(४) ३६५ रात भन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा रु.६,०००।- सम्म ।

(ख) यो छुट सुविधा एक आर्थिक वर्षमा एकपटक मात्र दिइनेछ ।

(ग) १६ वर्षभन्दा कम उमेरका यात्रुले उपर्युक्त छुट सीमाको ५०% (प्रतिशत) मात्र सुविधा पाउनेछ ।

(घ) श्री ५ को सरकारले तोकेको काममा विदेश गएको व्यक्तिले एक आर्थिक वर्षमा दोश्रो पटकदेखि प्रत्येक पटक बाहिर गई फर्कदा ल्याएको सामानमध्ये रु.१,०००।- सम्मको मूल्यमा भंसार महसुल छुट दिइनेछ ।

तर यो छुट सुविधा एक आर्थिक वर्षमा बढीमा ३ पटकसम्म गरी जम्मा रु.५,०००।- भन्दा बढी दिइने छैन ।

(४) भंसार महसुल छुट नपाउने :

देहायका अवस्थामा विदेशबाट फर्केका यात्रुलाई भंसार महसुल छुट दिइने छैन :-

(क) परिवर्त्य विदेशी मुद्रा आर्जनको आधिकारिक प्रमाण भएता पनि १५ रात भन्दा कम अवधि विदेशमा बसेको भए,

(ख) जतिसुकै अवधि विदेशमा बसेको भएतापनि परिवर्त्य विदेशी मुद्रा आर्जनको आधिकारिक प्रमाण नभएमा,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुटनीतिक नियोगमा काम गर्ने पदाधिकारी तथा कर्मचारी बाहेक भारतबाट फर्केका यात्रुलाई,

(घ) अनुसूची -२ मा तोकिएको संख्याभन्दा बढी सामान ल्याएमा वा अनुसूची-२ मा नपरेका सामान ल्याएमा ।

(५) थप महसुल सम्बन्धी व्यवस्था :

(क) अनुसूची - २ बमोजिमका सामान तोकिएको संख्या भन्दा बढी ल्याएमा वा सो अनुसूचीमा उल्लेख भएको बाहेक अन्य सामान ल्याएमा प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) कुनै यात्रु अस्वाभाविक तरिकाले (जस्तै- मौसम अनुसार आवश्यक पर्ने भन्दा बढी लुगा वा एक भन्दा बढी घडी, गगल्स, क्यामेरा वा अन्य सामान) शरीरमा लगाई आएमा त्यस्तो बढी सामानको विवरण भंसारमा घोषणा गरेमा नियमानुसार लाग्ने महसुल लिई जान दिइनेछ । अन्यथा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

(ग) विदेशमा बसेका व्यक्तिले नेपाल स्थित आफन्त वा परिवारका सदस्यलाई अनुसूची-२ बमोजिम तोकिएको परिमाणसम्मका सामानमध्ये यु.एस.डलर ४००।- सम्मको कुनै सामान पठाएमा प्रमाण हेरी लाग्ने समदरमा भंसार महसुल लगाई जाँचपास गर्न सकिनेछ ।

(घ) अनुसूची-२ बमोजिमका सामान बाहेक अन्य सामान श्री ५ को सरकारको स्वीकृति वा आयात इजाजत पत्र बिना यो सूचना अन्तर्गत पैठारी गर्न पाइने छैन ।

(ङ०) आयात इजाजत पत्र प्राप्त गरी सामान आयात गरेमा थप महसुल लिइने छैन र भसार महसुल दरबन्दी अनुसार असुल गरिनेछ ।

(६) जफत हुने सामान :

(क) कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याएमा त्यस्ता सामानहरु जफत गरी कानून बमोजिम कारवाही हुनेछ ।

(ख) श्री ५ को सरकारले समय समयमा सूचना प्रकाशन गरी पैठारीमा पूर्ण वन्देज लगाएका वस्तुहरु पैठारी गरेमा त्यस्ता वस्तु जफत गरी कानून बमोजिम कारवाही हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर आयात इजाजत पत्र पेश भएको अवस्थामा उपर्युक्तानुसारको कारवाही हुने छैन ।

(ग) कुनै यात्रुले आफ्नो सामान भंसार जांचपासको लागि घोषणा गर्दा मालवस्तुको विवरण वा परिमाण वा दुवै फरक पारेमा सो सामान जफत हुनेछ ।

(७) **सुन चांदी ल्याउन पाउने** :

भारत बाहेक तेश्रो मुलुकबाट ६ महिना वा सो भन्दा बढी समय बसी फर्किने नेपाली यात्रुले १० किलो सुन, र १५० किलो चाँदी (गरगहना समेत) आफ्नो साथमा ल्याउन पाउनेछ । यसरी पैठारी भएको सुन, चाँदी र गर गहनामा श्री ५ को सरकारले कायम गरेको मूल्यमा प्रचलित भंसार दरबन्दी बमोजिम भंसार महसुल लाग्नेछ ।

(८) **विविध** :

(क) विदेशबाट सामान आयात गर्ने वा प्रयोग गर्ने श्री ५ को सरकारको पूर्व स्वीकृति लिनुपर्ने भएमा सो पेश नगरेसम्म सामान जँाचपास गरिने छैन ।

(ख) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको रहेछ भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका (सवारी साधन बाहेक) पुराना सबै किसिमका सामानहरु स्वदेशमा फिर्ता ल्याउंदा भंसार महसुल लाग्ने छैन ।

(ग) भारत बाहेक तेश्रो मुलुकबाट स्वदेश फर्कने नेपाली यात्रुले तोकिए बमोजिमको फाराम भरी भंसार कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) विदेशबाट फर्केका यात्रुले ल्याएको सामान अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन पाइने छैन ।

(ङ०) यो सूचनामा भएको व्यवस्था सम्बन्धमा कुनै द्विविधा परेमा भंसारको मुख्य अधिकारीको निर्णय अन्तिम हुनेछ ।

२. **क्रु मेम्बरका सम्बन्धमा** :

उडानमा गएका क्रु मेम्बरले आफ्नो प्रयोगमा ल्याइएका निजी सामान बाहेक अरु नयां सामान (रक्सी, चुरोट समेत) ल्यांउन पाउने छैन, ल्याएमा जफत हुनेछ ।

तर, -



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९०२

(१) यात्रुको हैसियतले भ्रमण गर्दा निजले अनुसूची-२ बमोजिमका सामान अन्य यात्रु सरह ल्याउन पाउनेछ ।

(२) भंसार महसुल छुट सुविधा पाउन दफा १ को उपदफा (३) को शर्त पूरा हुनुपर्नेछ ।

३. **विदेश जाने नेपाली यात्रुका सम्बन्धमा**

(१) आफ्नो प्रयोगका पुराना सामान : यात्रुले विदेश जांदा आफ्नो प्रयोगका लागि अनुसूची-१ बमोजिमका सामानमध्ये कुनै वा सबै लैजान पाउनेछ । यस्तो सामानमा भंसार महसुल लाग्ने छैन ।

(२) उपहारका सामान : नेपाली नागरिक विदेश जांदा सौगातको रुपमा नेपालमा उत्पादन भएका मूल्य रु.१०,०००/- सम्मका वस्तुहरु (मनाही वा नियन्त्रित वस्तु बाहेक) कुनै महसुल, कर, शुल्क नलगाई लैजान दिइनेछ ।

(३) नेपाली बजारमा खरिद गरिएका वस्तुहरु : एयरलाइन्सले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका वस्तुहरु (मनाही वा नियन्त्रित वस्तु बाहेक) लैजान चाहेमा तोकिएको कागजातहरु पेश गरी तोकिए बमोजिमको शुल्क/महसुल तिरी लैजान पाउनेछ । यसरी साथै लैजांदा अग्रिम भुक्तानी वा एल.सी. (प्रतित पत्र) आवश्यक पर्ने छैन ।

४. **परिवर्त्य विदेशी मुद्राको आधिकारिक श्रोतको परिभाषा** :

यो सूचनामा उल्लेखित "परिवर्त्य विदेशी मुद्राका आधिकारिक श्रोत" भन्नाले देहाय बमोजिमको कुनै आधिकारिक प्रमाण सम्झनु पर्छ :-

(क) श्री ५ को सरकारको विदेशस्थित नियोगले विदेशमा आर्जन गरेको भनी प्रमाणित गरी दिएको,

(ख) अन्तरराष्ट्रिय संघ संस्था वा विदेशी सरकारको कार्यालय वा संस्थाले भुक्तानी दिएको भनि प्रमाणित गरिदिएको,

(ग) खण्ड (ख) मा उल्लेख भएदेखि बाहेक अन्य कुनै विदेशी संस्थाले काममा लगाए वापत पारिश्रमिक स्वरुप भुक्तानी दिएको भनि प्रमाणित गरिदिएको,

(घ) विदेशस्थित बैंकहरुमा खाता खोली विदेशी मुद्रा जम्मा गरेको भनी बैंकले दिएको प्रमाण,

(ङ) पासपोर्ट, हवाई टिकट तथा औषधोपचारको लागि प्राप्त सटही सुविधा बाहेक बैंक मार्फत विदेशी मुद्रा प्राप्त गरेको प्रमाण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६०

५ **सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिका लागि** :

सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिहरुलाई माथि दफा दफाहरुमा उल्लेख भएका सुविधाहरु दिइने छैन ।

तर, रु.१००।- सम्म मोल पर्ने निजी प्रयोगका मालसामान साथै ल्याए वा लगेमा भंसार प्रमुखले औचित्य हेरी महसुल नलिइ छाड्न सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - २
## विदेशी यात्रुका लागि

६. अर्न्तराष्ट्रिय हवाई उडानवाट आउने जाने विदेशी यात्रुहरुको लागि निजी प्रयोगका पुराना सामानमा महसुल नलाग्ने गरी देहाय बमोजिम सुविधा दिइनेछ :-

(अ) पछि फिर्ता ल्याउने वा लैजाने शर्तमा छाडिने :

(क) चलन चल्तीमा ल्याएको वाइनाकुलर (दुरबिन) गोटा एक ।

(ख) चलन चल्तीमा ल्याएको मुभी क्यामरा वा भिडियो क्यामरा गोटा एक, स्टील क्यामरा गोटा एक । (भिडियो क्यामरा वा मुभी क्यामरा र कम्प्युटर एक पासपोर्टमा जनाई छाड्ने) ।

(ग) चलन चल्तीमा ल्याएको पोर्टेबुल म्युजिक सिष्टम एक थान र रेकर्ड क्यासेट र खाली क्यासेटहरु १० थान (पासपोर्टमा जनाई छाडिने) ।

(घ) चलन चल्तीमा ल्याएका लुगाफाटाहरु, बरबिछ्यौना कसन तसन, घर गृहस्थीका पुराना वस्तुहरु ।

(ङ०) पेराम्बुलेटर गोटा एक, ट्राइसाइकल एक ।

(च) चलन चल्तीमा ल्याएका फाउण्टेन पेन एक, डट्पेन वा सीसाकलम सहितको सेट एक ।

(छ) चलन चल्तीमा ल्याएको घडी एक ।

(ज) निम्न बमोजिमका पेशामा लागेको व्यक्ति भए सो सम्बन्धी कामको सामान जस्तै :-

(१) कर्मीले काम गर्नको निमित्त चलन चल्तीमा ल्याएको ज्यावल बढीमा एक सेट ।

(२) डाक्टरले काम गर्नको निमित्त चलन चल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरु र सम्बन्धित विशेषज्ञले चलन चल्तीमा ल्याएको आवश्यकीय सामानहरु ।

(३) गवैयाको गाना बजानाको यन्त्र एवं गाना बजाना सम्बन्धी आवश्यक सामान ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) चलन चल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधी राख्ने सानो बाकस (ब्रिफकेश टाइप)

(५) खेलाडीको खेलको सामान ।

(६) माछा मार्ने रड ।

उपरोक्त मालवस्तु बाहेक विदेशी पर्यटकले ल्याउने लैजाने सामानहरु भंसार प्रमुखले औचित्य ठहराएमा बिना महसुल वा कानून बमोजिम लाग्ने महसुल लिई ल्याउन लैजान दिन सक्नेछ ।

(आ) <u>पासपोर्ट लिई आउने जाने विदेशी यात्रुहरुलाई दिइने खपत हुने मालसामानको सुविधा</u> :

(क) रक्सी बोतल एक १.१५ लिटरसम्मको वा बियर १२ क्यानसम्म ।

(ख) चुरोट २०० खिल्ली, सिगार ५० खिल्ली, टोबाको २५० ग्रामसम्म ।

(ग) क्यामराको फिल्म १५ गोटा र मुभी फिल्म १२ रीलसम्म ।

(घ) औषधी रु.१,०००।- सम्म (नेपालमा पैठारी मनाही भएका औषधीहरु बाहेक) ।

(ङ०) खानेकुराहरु टीन प्याक समेत रु.१,०००।- सम्मको ।

(च) ताजा फलफूल रु.१०००।- सम्मको ।

(इ) विदेशी यात्रुले नेपाल अधिराज्यबाट लैजान सक्ने सौगातको हकमा निजले नेपाल अधिराज्यमा विदेशी मुद्रा सटही सम्बन्धी कारोवार गर्ने बैंक वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसंग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपाली बजारमा खरिद गरिएका मालसामान बिना इजाजत पत्र (निकासीमा बन्देज लागेको बाहेक) लैजान वा पठाउन सक्नेछ ।

७. **खारेजी** :

खण्ड ४९ अतिरिक्तांक २० (आ) मिति २०५६।५।१ को नेपाल राजपत्र भाग ३ तथा खण्ड ४९ संख्या ३४ मिति २०५६।८।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनाहरु खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

### (दफा १ को उपदफा (१) र दफा ३ को उपदफा (१) संग सम्वन्धित)

भंसार महसुल पूर्ण रुपमा छुट हुने गरी ल्याउन पाउने प्रयोग भई सकेका निजी सामान

१. लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना वस्तुहरु,

२. औषधी उपचार गराई फर्केका विरामीले ल्याएका औषधीहरु,

३. शारीरिक अशक्त यात्रुले सहाराको रुपमा प्रयोग गरेका सामान,

४. सुन तथा सुनको गहना ५० ग्रामसम्म वा चांदी तथा चांदीको गहना ५०० ग्रामसम्म र रु.३०,०००।- मूल्यसम्मको जवाहरात जडित साथमा ल्याएको गहना गुरियामा अन्य कुनै कर, महसुल शुल्क लाग्ने छैन । यस दफाको सुविधा भारत तथा चीनको स्वशासित क्षेत्र तिब्बतबाट फर्कने नेपाली यात्रुहरुले पनि पाउनेछन् ।

५. चुरोट २०० खिल्लीसम्म वा सिगार ५० खिल्लीसम्म वा तयारी सुर्ति २५० ग्रामसम्म, मदिरा १.१५ लिटरसम्मको १ वोतल वा वियर १० क्यानसम्म,

६. घडी, क्यामरा, टेप रिकर्डर, क्याम कर्डर ८ एम. एम. को, कलम, डट्पेन, थर्मस, क्याल्कुलेटर एक एक थान,

७. बच्चा राख्ने पेराम्बुलेटर, ट्राइसाइकल एक एक थान,

८. पेशागत यात्रुले प्रयोग गरी आएको अन्य सामान्य प्रकारका सामानहरु एक एक थान (जस्तै डाक्टरका लागि ब्लड प्रेसर नाप्ने सामान्य यन्त्र वा स्टेथेस्कोप, खेलाडीको खेलकुद सम्बन्धी सामान्य सामान जस्तै फुटबल, भलिबल, बैडमिन्टन, गवैयाको सामान्य बाजा जस्तै- गितार हार्मोनियम, तबला, जस्ता सामानहरु) ।

९. सामान्य प्रकारका खाने कुराहरु (बढीमा ४ किलोसम्म) ।

१०. दफा ४ र ५ मा तोकिएको तौल, संख्या वा रकम भन्दा बढीको सामान ल्याएमा बढी जति जफत गरी कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## अनुसूची - २

**(दफा १ को उपदफा (२) को खण्ड (क) र (ग), उपदफा (३) को खण्ड (क), उपदफा (४) को खण्ड (घ), उपदफा (५) को खण्ड (क),(ग), (घ) र दफा २ को खण्ड (१) संग सम्बन्धित)**

श्री ५ को सरकारले समय समयमा तोकेको समदरमा भन्सार महसुल तिर्ने गरी भारत बाहेक तेश्रो मुलुकबाट फर्केका यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका सामान देहाय बमोजिमका हुनेछन् :-

१. विद्युत वा व्याट्रीबाट संचालन हुने उपकरणहरुमा टेलिभिजन, भिडियो डेक, रेफ्रिजरेटर, वासिंङ मेशिन, पंखा, रेडियो, सि. डि प्लेयर, भि. सि. डि.(प्लेयर), भिडियो क्यामरा १।१ थान र कम्प्युटर सेट एक ।

२. शरीरमा लगाउने लुगाफाटा, जुता, कष्मेटिक्स आदि बढीमा १५ थान ।

३. घरायसी प्रयोगका सामान्य किसिमका (मिक्सर, जुसर, सिलाइ मेशिन, ग्यासटेबुल, इस्त्री, राइस कुकर जस्ता) तयारी सामान (उपकरण) २।२ थान ।

४. बढीमा १० किसिमका खाद्य परिकार ३।३ किलो ।

५. व्यवसायिक पेशामा लागेका (डाक्टर, इन्जिनियर जस्ता) यात्रुको दक्षता वृद्धिको लागि आवश्यक पर्ने सामान २।२ थान ।

६. दफा १ देखि ५ सम्मका सामान बाहेक नितान्त घर व्यवहारमा आवश्यक पर्ने वस्तु बढीमा २।२ थान ।

तर, १५ रातभन्दा कम समय विदेशमा बसी फर्कने यात्रुले उपर्युक्त सामान १।१ थान भन्दा बढी संख्यामा वा खाद्य परिकारको हकमा सबै किसिम गरी जम्मा ५ किलोग्राम भन्दा बढी ल्याउन पाउने छैन । ल्याएमा जफत हुनेछ ।

**विविध** :

१. यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका उपर्युक्त सामानहरु कुनै यात्रुले माथि लेखिए भन्दा बढी संख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार संख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी लाग्ने समदरको महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ ।

२. वाणिज्य मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सामान तोकिएको आधारमा ल्याउन पाउने व्यवस्था गरेमा त्यस्तो सूचनाको अधिनमा रही, यात्रुले ल्याउने १/१ थानसम्म सामानमा भंसार महसुल समदरमा नलगाई साधारण दरमा लगाइनेछ । यस्तोमा यसै सूचनाको परिच्छेद-१ को दफा ३ बमोजिमको छुट दिइने छैन ।

आज्ञाले,

प्रमोद कुमार कार्की

सह -सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

टीकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले टीकापुर विकास समितिको योजना पूरा गर्ने अवधि २०६० साल आषाढ मसान्तसम्म तोकेको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११२